गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

## गौशाला नगरपालिकाको

# नीति तथा कार्यक्रम, बजेट

## (आ.व. २०८३/०८४)

## २०८३ असार ७ गते

www.gaushalamun.gov.np

# गौशाला नगरपालिकाको आ. व. २०८३/८४ को नीति तथा कार्यक्रम

*नगरसभाका सदस्यज्यूहरु,*

*पत्रकारज्यूहरु, गौशाला नगरवासी तथा*

*उपस्थित सम्पूर्ण कर्मचारीहरु,*

तथा हाम्रो निमन्त्रणालाई स्वीकार गरी बार्षिक नगर विकास योजनामा महत्वपूर्ण राय सुझाव दिन उपस्थित हुनुभएका नगर प्रेमीसम्पुर्ण नगरवासीहरु प्रति हार्दिक कृतज्ञता तथा आभार प्रकट गर्दछु ।

नेपालको संविधान, २०७२ ले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यकद्धता, सहिष्णुता र सदभावलाई संरक्षण एवं प्रवर्धन गर्दै, वर्गीय जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागिता मूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प भएकोमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात प्राप्त उपलब्धीको रुपमा नेपालको संविधानले गरेको व्यवस्था बमोजिम २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट गठन भएको नगरसभाको कार्यकालको पाँचौ वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

यस घडीमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाकालागि विभिन्न कालखण्डमा भएका जनआन्दोलन, मधेश जनविद्रोह, २०८२ भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलन लगायत पहिचान र अधिकार प्राप्तिका लागि भएका आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात वीर शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु ।साथै आन्दोलनका क्रममा घाइते भएका सम्पूर्ण घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।नेपालको एकीकरण देखि नै नेपाललाई एक अटल एवं स्वाधीन राष्ट्रको रुपमाराख्ने हाम्रा वीर पुर्खाहरु र राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको लागि कठोर संघर्ष गर्ने हाम्रा अग्रजहरुलाई उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु।

यो नगरपालिका लोकतन्त्रका न्यूनतम आधारभूत मूल्य मान्यता बहुलवादी खुला समाज, मानव अधिकार, लोकतन्त्र, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासनप्रति पूर्ण प्रतिबद्ध छ । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा नगरपालिका हरपल प्रयत्नशील छ । शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै नगरवासीले गर्न सकून् भन्नेमा हामीहरु अत्यन्त सचेत छौं ।

यस नगरका नगर कार्यपालिका तथा नगरसभा सदस्यहरुको समन्वय एवं सहमतिमा गौशाला नगरपालिकाको समग्र विकास निर्माणको लागि मन, वचन र कर्मले लागि पर्ने व्यहोरा सम्पूर्ण नगरवासीलाई विश्वास दिलाउन

गौशाला नगरपालिका नगर कार्यपालिकाको कार्यालय गौशाला, महोत्तरी मधेश प्रदेश, नेपाल २०७४

चाहन्छु । साथै विकास निर्माण तथा जनतासंग सरोकार राख्ने हरेक क्षेत्रमा नगरसभा सदस्य तथा राजनीतिक दलहरुबाट हुने सहयोगको अपेक्षा गर्दै हाल सम्म यहांहरुले गर्नु भएको योगदानको लागि आभार व्यक्त गर्दै यस गौशाला नगरपालिकाको आफ्नो साधन स्रोत, आन्तरिक स्रोत र संघीय अनुदानमा भएको गिरावट समेतको पृष्ठभूमीमा आर्थिक वर्ष २०८३/०८४ को बजेट, नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न गईरहेको छु ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

अब म आर्थिक वर्ष २०८२/०८३ मा यस नगरपालिकाको वार्षिक कार्यक्रमहरु कार्यान्वयनका क्रममा प्राप्त उल्लेखनीय उपलब्धीहरुको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**पूर्वाधार निर्माण तर्फ:**

- वडा नं. ४ वडा कार्यलय भबन निर्माण सम्पन्न हुने अबस्थामा रहेको र वडा नं १२ को वडा कार्यालय भवन निर्माण कार्य भइरहेको ।
- वडा नं. ७ रास्ट्रिय आ.बि.जमुनिया र वडा नं. ५ त्रिभुवन मा.वि. मा ९ कोठे भवन निर्माण सम्पन्न गरिएको ।
- वडा नं. ९ विशहरपूर र वडा नं. १२ कान्तिबजार मा. वि. मा १२ कोठे भवन निर्माण भई रहेको।
- वडा नं. ६ जनता मा.वि फूलकाहा र वडा नं. ११ जनता आ. वि बहादुरगंजमा ४ कोठे भवन निर्माणाधिंन रहेको ।
- कृषि सिचाई विद्युतीकरण तथा टीओडी मिटर जडान कार्य सम्पन्न भएको ।
- वडा नं. ८ स्थित खाल्टे बजारमा लागु औषध सुधार केन्द्रको स्थापना भई संचालन प्रक्रियामा रहेको।
- बिभिन्न वडाहरुमा डीप बोरिंग निर्माण कार्य सम्पन्न भएको ।

**क्रमागत योजनाहरु :**

- कोल्ड स्टोर भवन निर्माण अन्तिम चरणमा रहेको।
- १५ शैया अस्पताल भवन निर्माणको कार्य अन्तिम अबस्थामा रहेको ।
- कृषि उपज केन्द्रको भवन निर्माण कार्य भईरहेको।
- मा.बि. निगौल र जनता मा.बि. भरतपुरखोरमा रास्ट्रिय शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ८ कोठे भवन निर्माणाधीन रहेको |

**प्रशासन तर्फ:**

गौशाला नगरपालिका नगर कार्यपालिकाको कार्यालय गौशाला, महोत्तरी मधेश प्रदेश, नेपाल २०७४

- नगर अस्पतालमा बालरोग विशेषज्ञ -१, दन्त्चिकित्सक -१, आयुर्वेद चिकित्सक -१, फिजियोथेरापिस्ट -१, अप्टोमेट्रिस -१, ल्याब टेक्नोलोजिस्ट -१ ,स्टाफ नर्स -६, फार्मेसी सहायक -१, एनेस्थिया सहायक -१, अ.हे.व. -३, अनमी -३ स्वीपर-४, सुरक्षा गार्ड -४, कार्यालय सहयोगी -४ तथा अन्य गरी ३५ वटा दरबन्दी पदपूर्ति गरेको ।
- नगरपालिकाको मौजुदा संगठन र कार्यबोझ को आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार भई लागु हुने क्रममा रहेको ।
- विद्युतीय हाजिरी प्रणाली नगरपालिका मातहत रहेका, कार्यालय, स्वास्थ्य संस्था, अस्पताल र सामुदायिक विद्यालयमा पूर्ण रुपमा संस्थागत भएको ।

**कृषि विकास तर्फ:**

- आलुको TPS वीउ वितरण कार्यक्रम संचालन गरिएको ।
- हिउँदे मकै प्रवर्द्धन कार्यक्रम संचालन गरिएको ।
- धान बाली पकेट विकास कार्यक्रम संचालन गरिएको ।
- कृषि तथ्याङ्क अध्यावधि कार्यक्रम संचालन गरिएको ।
- बास्नादार धानको वीउ वितरण कार्यक्रम संचालन गरिएको ।
- प्राङ्गारिक मल वितरण कार्यक्रम संचालन गरिएको ।
- रासायनिक मलको कोटा बाँडफाँड तथा सिफारिस गरिएको ।
- कालो धानको वीउको प्रचार प्रसार संचालन गरिएको ।
- उखु किसान दर्ता सूचीकरण कार्य संचालन गरिएको ।

**शिक्षा, यूवा तथा खेलकुद विकास तर्फ:**

- राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सम्पन्न भएको ।
- मेयर क्रिकेट कप प्रतियोगिता सम्पन्न भएको ।
- एकीकृत पाठ्यक्रम सम्बन्धि ३ दिवसीय तालिम संचालन भएको ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन (CAS) कार्यन्वयनमा आएको ।
- बिद्यालयहरुमा पर्याप्त मात्रामा स्यानिटरी प्याड वितरण गरिएको ।
- विद्यालयमा disability screening कार्य सम्पन्न भएको ।
- नगर अनुदान आधारभूत तर्फ ४५ र माध्यमिक तर्फ २२ गरी जम्मा ६७ जना शिक्षक कार्यरत रहेको ।
- विद्यालयमा ई हाजिरी अनिवार्य रुपमा लागु भएको ।
- माध्यमिक तहमा थप कक्षा (Remedial class) संचालन भएको ।

गौशाला नगरपालिका नगर कार्यपालिकाको कार्यालय गौशाला, महोत्तरी मधेश प्रदेश, नेपाल २०७४

- Real Plan कार्यन्वयन सम्बधि तालिम संचालन भई विद्यालयमा कक्षा ३ देखि ५ सम्मका विद्यार्थीका सिकाई स्तर पहिचान भएको ।
- स्थानीय पाठ्यक्रम (१-८) निर्माण कार्य भईरहेको ।
- विद्यालयहरुमा ५ वटा smart बोर्ड , ७ वटा laptop, ६ वटा प्रिन्टर र १३८ थान सिलिंग पंखा वितरण भएको ।
- २ वटा माध्यमिक विद्यालयमा smart board र १ मा साईन्स ल्याबको योजना कार्यन्वयनमा रहेको ।

**स्वास्थ्य तर्फः**

- नगर अस्पतालमा MDGP तथा बिशेषज्ञ डा. मार्फत नर्मल तथा सल्यक्रिया सहितको गुणस्तरीय र सुरक्षित् सुत्केरी सेवा संचालनमा आएको ।
- नगर अस्पतालमा डिजिटल एक्सरे तथा अल्ट्रा साउण्ड सेवा सुचारु गरिएको ।
- नगर अस्पतालमा फुली एनालाईज़र कुल्टर लागायतका नया प्रविधि युक्त प्याथोलोजी सेवा संचालन भएको ।
- नगर अस्पतालमा दन्त उपचार सेवा, आँखा उपचार सेवा बिषय बिशेषज्ञ बाट सेवा प्रदान गरिएको ।
- महिला स्वयं सेविका तथा जनप्रतिनिधीहरुलाई निशुल्क स्वास्थ्य बिमा गरिएको ।
- महिला स्वयं सेविकालाई प्रोत्साहन वापत रु प्रति महिना ४००० र यातायात वापत रु१००० प्रति महिना उपलव्ध गराइएको ।

**पशु विकास तर्फः**

- पशुपन्क्षिमा महामारी र आकस्मिक रोग नियन्त्रण कार्यक्रम अन्तर्गत १००० डोज खोप लगाइएको
- कृषि तथा पशुपन्छी फर्म दर्ता सम्बन्धी कार्य सम्पन्न भएको
- ब्राखाहरुमा अति संक्रमित पि.पि.आर रोग विरुद्द को ९,३५,००० डोज खोप कार्यक्रम सम्पन्न भएको हुनेछ ।
- सामुदायिक, बधुवा तथा छाडा कुकुरहरुलाई बृहत बध्याकरण कार्यक्रम संचालनमा रहेको

**लैङ्गिक समानता तथा सामाजिक विकासतर्फः**

- निजामती सेवामा सहभागिता बढाउन लोकसेवा तयारी कक्षा सञ्चालन गरिएको ।

गौशाला नगरपालिका नगर कार्यपालिकाको कार्यालय गौशाला, महोत्तरी मधेश प्रदेश, नेपाल २०७४

- MIS मा भएका सम्पूर्ण विवरण अद्यावधिक गरी EFT मार्फत सेवाग्राहीको खातामा रकम हस्तान्तरण कार्य शुरुभएको ।
- बालबालिकाको हकहितको लागि बालकल्याण अधिकारी नियुक्त गरिएको ।

**सूचना प्रविधि तर्फ:**

- नगरपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयहरूमा विद्युतीय हाजिरी मेसिन जडान गरी अनलाइन प्रणाली मार्फत प्रतिवेदन संचालनमा आएको।
- वडा कार्यालय तथा नगरपालिका कार्यालयबाट प्रदान गरिने सम्पूर्ण सेवाहरू अनलाइन कम्प्युटर प्रणाली मार्फत गरिएको
- संस्थागत माध्यमिक विद्यालय (कक्षा ११-१२) तर्फ पूर्ण छात्रवृतिलाई कार्यान्वयन गर्न अनलाइन प्रणालीबाट फारम भरी अनलाइनबाटै परीक्षा लिई सिफारिस गर्ने प्रणालीको विकास गरी संचालनमा ल्याईएको ।
- राजस्व संकलनको लागि नेपाल सरकारको SUTRA प्रणाली लागु गरी डिजिटल मध्यमबाट समेत राजस्व बुझाउने व्यवस्था लागु गरिएको।
- वडा कार्यालयमा दिईने सेवाहरू व्यक्तिगत घटनादर्ता, सामाजिक सुरक्षा भत्ता, नागरिकता सिफारिस लगायतका सेवाहरू अनलाइन संचालनमा रहेको ।
- गौशाला बजार जिरोमाइलमा ANPR क्यामेरा जडान गरी सवारीसाधन आवतजावतलाई पूर्ण निगरानी गरिएको ।
- वडा कार्यालयहरूमा सेन्ट्रलाईज इन्टरनेट र क्यामेरा जडान गरी नगरपालिका कार्यालयबाट अनुगमन तथा सूचना आदानप्रदान गर्ने प्रणाली जडान गरिएको ।
- सेवा प्रवाहलाई सहजीकरण र पारदर्शी बनाउन नगरपालिका कार्यालयमा डिजिटल नागरिक वडापत्र जडान गरिएको ।

**महिला तथा बालबालिका र पञ्चिकरण शाखा तर्फ:**

- यस नगरपालिकाबाट तपसिलमा उल्लेख भए बमोजिमका ज्येष्ठ नागरिक, महिला तथा बालबालिकाहरुलाई नेपाल सरकारले तोके बमोजिम भत्ता वितरण गर्ने कार्य भई रहेको।

| सि.नं. | लक्षित समुह | जम्मा |
|---|---|---|
| १ | अन्य जेष्ठ नागरिक भत्ता | ३१०८ |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | ३९४ |
| ३ | जेष्ठ नागरिक एकल महिला | ५४५ |

गौशाला नगरपालिका नगर कार्यपालिकाको कार्यालय गौशाला, महोत्तरी मधेश प्रदेश, नेपाल २०७४

| | | |
|---|---|---|
| ४ | विधवा | ८४५ |
| ५ | पूर्ण अपाङ्गता भत्ता | १५० |
| ६ | अति अशक्त अपाङ्गता भत्ता | ५८६ |
| ७ | क्षेत्र तोकिएका बालबालिका | ५३२९ |
| ८ | दलित बालबालिका | ८६७ |
| | जम्मा | ११८२४ |

- आ. व. २०८२/०८३ मा वडा कार्यालयहरूबाट तपसिल बमोजिमको अनलाइन घटनादर्ता सम्पन्न गरिएको ।

| विवरण | जम्मा |
|---|---|
| जन्म दर्ता | १६२३ |
| मृत्यु | ४६८ |
| सम्बन्ध विच्छेद | १६ |
| विवाह | ६९६ |
| बसाई सरी आएको | ७१ |
| बसाइ सरी जाने | ९९ |

- अपांग परिचयपत्र वितरण कार्यक्रम विवरण

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | पूर्ण अपांग (रातो कार्ड) | १९ |
| २ | अतिअशक्त अपांग (निलो कार्ड ) | ३३ |
| ३ | सामान्य अपांग (पहेलो कार्ड) | २० |
| ४ | अति सामान्य अपांग ( सेतो कार्ड ) | २ |
| | जम्मा | ७४ |

- जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यक्रम अन्तर्गत जम्मा वितरण भएको संख्या -३
- अपांगता भएका व्यक्तिहरुको जीवनयापनलाई सहजीकरण बनाउन विभीन्न किसिको अपांगहरुसँग सम्बन्धित अपांग सहायक सामाग्रीहरु वितरण गरिएको ।
- बाल क्लब तथा बाल कोष स्थापना गरिएको ।
- बालबालिका संग अन्तरक्रिया कार्यक्रम संचालन गरिएको तथा नगर स्तरीय बाल भेला सम्पन्न भएको ।

**राजश्व संकलन तर्फः**

गौशाला नगरपालिका नगर कार्यपालिकाको कार्यालय गौशाला, महोत्तरी मधेश प्रदेश, नेपाल २०७४

- आ. व.२०८२/०८३ को हाल सम्म जम्मा रू. ५ करोड ५६ लाख आय संकलन गरिएको ।
- कम समय महरा तथा सोनी खोलाको स्वीकृत IEE प्रतिवेदन अनुसार ठेक्का मार्फत रु २,८९,७१,००० राजश्व सङ्कलन गरिएको ।

**सामी सेवा तर्फ:**

- आप्रवासी स्रोत उप-केन्द्रवाट जम्मा १६०० जना सेवाग्राहीलाई सूचना तथा परामर्श प्रदान गरियो।
- अभिमुखिकरण मार्फत ४०० जना सेवाग्राहीलाई सेवा दिएको।
- रिटर्नी स्वयम् सेवक मार्फत १६०० जना व्यक्तिलाई सेवा प्रदान गरिएको।
- ४ ओटा सामुदायिक बिद्यालयमा ४०० बालबालिकालाइ गहन अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको ।

**लघु उद्यम विकास तर्फ:**

- वडा नं ४, ६ र ९ मा सिप विकास तथा स्तरोन्नति तालिम संचालन र सिलाई मेसिन वितरण कार्यक्रम सम्पन्न भएको
- वडा ५ मा रहेको सहेली अचार समुहलाइ लक्षित गरि अचार तथा सस उतपादन सम्बन्धि तालिम र सामग्री वितरण कार्य सम्पन्न भएको ।

**रोजगार तर्फ:**

- राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम अन्तर्गत वडा न १२ मा पुर्ब पश्चिम सडक जोडिने सडक को दुवै तर्फ ४ किमी सडक सरसफाई कार्यमा १३ जनालाई १४ दिन न्युनतम रोजगारी प्रदान गरिएको |
- राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम अन्तर्गत वडा न ११ मा इमली बजार देखि हनुमान मन्दिर हुँदै तारे चौरीको सडक जोडिने सडक को दुवै तर्फ ५.४ किमि सडक सरसफाई कार्य २३ जनालाई ७ दिन न्युनतम रोजगारी प्रदान गरिएको।
- अनलाईन श्रम स्वीकृतिको लागि नयाँ र पुरानो गरि ३५० जनालाई सहजीकरण गरिएको ।
- विभिन्न कारणले बैदेशिक रोजगारीको क्रममा मृत्यु भएका कामदारको नेपाल/स्वदेश सम्म शव झिकाउनको लागि सम्बन्धित निकाय सम्म सहजीकरण गरिएको ।
- बैदेशिक रोजगारीको क्रममा मृत्यु भएका घरपरिवारलाई म्यादी जीवन बिमा र बोर्ड बाट ३ जनालाई ४२ लाख प्रदान गरिएको ।

गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७४

- बेरोजगार र कामको खोजीमा रहेको युवाहरुले श्रम संसार प्रणालीमा आफ्नो प्रोफाइल बनाई सिधै रोजगार दाता संग पहुच स्थापना गरिएको ।
- बैदेशिक रोजगारीलाई थप सुरक्षित र मर्यादित बनाउनको लागि समुदाय स्तरमा १२ वटै वडामा गहन अभिमुखीकरण कार्यक्रम संचालन गरिएको ।
- बैदेशिक रोजगारीमा जाने १६०० जना युवाहरुलाई बैदेशिक रोजगरी संग सम्बन्धित सूचना प्रदान गरिएको ।
- बैदेशिक रोजगारीमा रहेका, फर्किएका व्यक्तिहरू वा उनीहरूका परिवार मिलेर आर्जन गरेको पुंजीलाई सहि ठाउँमा लगानी गर्न आप्रवासी सहकारी संस्था गठन प्रक्रियामा रहेको ।

**नगरसभा सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

## सुशासन र सेवा प्रवाहमा सुधारः

- नगरपालिका र अन्तर्गतको कार्यालयहरुबाट प्रवाह गरिने सेवालाई सरल र प्रविधि मैत्री वनाउनका लागि आगामी आ.व. देखि नागरिकहरुलाई घरमै वसी वडा तथा नगरपालिकाबाट प्रवाह हुने सेवा प्राप्त गर्न सक्ने सुविधा सहितको डिजिटल प्रविधिको विकास गरी प्रयोगमा ल्याईनेछ ।
- विभिन्न स्थानीय तहका असल अभ्यासहरुलाई उपयुक्तताको आधारमा यस नगरपालिकामा समेत अनुसरण गरिनेछ ।
- नगर भित्रका अति गरिब घर परिवारका लागि सम्पूर्ण खर्च नगरपालिकाले व्यहोर्ने गरी स्वास्थ्य विमा कार्यक्रममामा आबध्द गराईनेछ ।
- नगरको सुरक्षा व्यवस्थालाई मजवुत बनाउन मुख्य मुख्य चोक तथा वजार क्षेत्रमा उच्च प्रविधियुक्त सि.सि. क्यामेराहरु जडान गरिनेछ ।
- क्यूआर स्क्यान गरी गुनासो पेश गर्न सक्ने व्यवस्था गरिनुका साथै नगर कार्यपालिका तथा वडा कार्यालयहरुमा डिजिटल नागरिक वडापत्रको शुरुवात गरिनेछ ।
- नगरपालिकाको अभिलेख प्रणालीलाई व्यवस्थित गर्न छुट्टै अभिलेख व्यवस्थापन ईकाई गठन गरिनेछ । साथै महत्वपूर्ण अभिलेखहरुको डिजिटाईजेशनको कार्य समेत सुरुवात गरिनेछ ।
- नेपाल सरकारको घोषित नीति वमोजिम ० बाँकी फाईल सप्ताह प्रभावकारी रुपमा कार्यान्वनयन गरिनेछ ।

## सामाजिक विकासः

गौशाला नगरपालिका नगर कार्यपालिकाको कार्यालय गौशाला, महोत्तरी मधेश प्रदेश, नेपाल २०७४

- ७० वर्ष उमेर पुगेका जेष्ठ नागरिकहरुलाई घर मै स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
- लक्षित वर्ग मैत्री शसक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- १ वडा १ उत्पादन कार्यक्रमको थालनी गरिनेछ ।
- नगरपालिका क्षेत्रमा फेला पर्ने वेसहारा तथा घरबारविहीनहरुको उपचार तथा पूनर्स्थापनाका लागि मानव सेवा आश्रमसँग सहकार्य गरिनेछ ।
- लागुपदार्थ दुर्व्यसनको नियन्त्रण तथा रोकथामको लागि युवा लक्षित कार्यक्रमहरू संचालन गरिनेछ ।
- GEN-Z र GEN-ALPHA मैत्री कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
- नगरपालिका भित्र क्रियाशील गैर सरकारीसंस्थाहरूको क्रियाकलापलाई नगरपालिकाको समग्र योजनासंग आन्तारिकिकरण गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्रका सरकारी, सार्वजनिक तथा सडक मर्गाधिकारका जग्गाहरूमा जबर्जस्ती अतिक्रमण गरी संरचना समेत तयार गरी बसोबास गरेका व्यक्तिहरूलाई कानुन बमोजिम उक्त क्षेत्रबाट हटाईनेछ ।
- गै.स.स.को साझेदारिमा सुरक्षित परिवार कार्यक्रम संचालन गरिनेछ।
- बालश्रम मुक्त र बालबिबाह मुक्त वडा तथा पालिका घोषणा गरिनेछ।
- घटना ब्यस्थापनको लागि बालकोष र साझेदारी सस्थासंगको साझेदरीमा घटना ब्यबस्थापकको ब्यवस्थापन गरिनेछ।
- बालबालिकाको प्रोफाइल तथा स्थितिपत्र प्रकाशन गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।
- सुरक्षित परिवार कार्यक्रम संचालन गरिनेछ ।

## शिक्षा, यूवा तथा खेलकुद:

- विध्यालय स्वास्थ्य सेवा अन्तर्गत चिकित्सकबाट विध्यार्थीहरुको स्वास्थ्य लेखाजोखा गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।
- शैक्षिक गतिविधिमा सूचना प्रविधिको उपयोगको प्रवर्धन गरिनेछ ।
- अपाङ्गता भएका विध्यार्थीहरुको लागि उचित स्थानमा छात्रावासको व्यवस्थापनका लागि विशेष जोड दिइनेछ ।
- आगामी आर्थिक वर्षमा गौशाला नगरपालिकामा सुविधा सम्पन्न शैक्षिक तालिम केन्द्रको निर्माण सम्पन्न गरिनेछ ।
- गौशाला नगरपालिकामा क्रिकेट एकेडेमी स्थापना गरिनेछ ।
- नगरपालिका भित्रका सवै विध्यालयहरुमा कक्षा १-८ सम्म स्थानीय पाठ्यक्रम लागू गरिनेछ ।

गौशाला, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७४

- गौशाला ईन्जिनियरिङ क्याम्पस र गौशाला प्राविधिक शिक्षालयमा आवश्यक पूर्वाधार विस्तार गरी थप संकाय सञ्चालन गरिनेछ ।
- सवै विध्यालयहरुमा आवश्यकतानुसार स्यानिटरी प्याडको व्यवस्था गरिनुका साथै स्यानिटरी प्याड विसर्जन गर्ने उपयुक्त प्रविधिहरु समेत उपयोगमा ल्याईनेछ ।
- विध्यालयहरुको विध्यमान भौतिक सुविधाहरुको अध्ययन गरी अपुग र अत्यावश्यक पूर्वाधारहरु प्राथमिकताका साथ निर्माण गरिनेछ ।
- विध्यालय बाहिर रहेका वालवालिकालाई विध्यालय भर्ना गराई प्रगतीका आधारमा वडाहरुलाई क्रमशः साक्षर वडा घोषणा गरिनेछ ।
- सम्पूर्ण सामुदायिक माध्यमिक विध्यालयहरुमा आ.व ०८३।८४ को श्रावण देखि अनिवार्य रुपमा SAS लागू गरिनेछ ।
- सवै सामुदायिक विध्यालयहरुमा स्मार्टबोर्ड जडान गरिनेछ ।
- सम्पूर्ण विध्यालयहरुमा महिनावारी कर्नर तथा महिनावारीमैत्री शौचालयको व्यवस्थापन कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- हरित, सुरक्षित, डिजिटल र सफा बिद्यालय कार्यक्रम संचालन गरिने छ।

## स्वास्थ्य तथा खाद्य सुरक्षा:

- आधुनिक स्वास्थ्य सेवामा नागरिकको पहुँच बृध्दि गरिनेछ ।
- नगर अस्पतालबाट विशिष्टकृत स्वास्थ्य सेवा प्रदान गर्नका लागि अत्यावश्यक उपकरण खरिद गरिनुका साथै भौतीक सुविधाहरु थप गरिनेछ ।
- १५ बेड क्षमताको नगर अस्पतालको स्तरोन्नति गरी २५ बेड क्षमताको बनाइनेछ |
- निर्माणाधिन नगर अस्पताल भवन आ.व ०८३।८४ मा सम्पन्न गरी सवै सेवाहरु उक्त भवनबाट प्रवाह गरिनेछ ।
- गौशाला नगरपालिका र अन्तर्गतका सम्पूर्ण कर्मचारी र शिक्षकहरुको स्वास्थ्य बिमा गरिनेछ |
- आयूर्वेद तथा प्राकृतिक चिकित्साको प्रवर्धन गर्नका लागि यस वर्ष नागरिक आरोग्य केन्द्रका लागि आधारभूत आयुर्वेद औषधिहरु उपलव्ध गराईनेछ ।
- निशुल्क एम्वुलेन्स सेवा कार्यक्रम सुचारू गरिनेछ ।
- नगरपालिकाको हेल्थ प्रोफाईल तयार गरिनेछ ।
- अंग प्रत्यारोपण गर्नु पर्ने भनी चिकित्सकबाट सिफारिश भएका विरामीहरुलाई आर्थिक सहायता उपलव्ध गराईनेछ ।

गौशाला नगरपालिका नगर कार्यपालिकाको कार्यालय गौशाला, महोत्तरी मधेश प्रदेश, नेपाल २०७४

- उपभोक्तालाई स्वस्थकर मासु आपूर्ती गर्न नगरपालिका क्षेत्रमा पशु वधशाला निर्माणका लागि स्थान पहिचान गरी आवश्यक कार्य प्रारम्भ गरिनेछ ।
- छाडा कुकुर व्यवस्थापन गर्नका लागि उपयुक्त प्रविधि अनुशरण गरिनेछ ।

## खानेपानी तथा सरसफाई:

- नेपाल खानेपानी संस्थान सँगको सहकार्यमा नगरपालिका भित्र शुध्द पिउने पानीको पहुँच नपुगेको घरधुरीहरुमा सुरक्षित पिउने पानी उपलब्ध गराईनेछ ।
- नगरपालिका भित्रका गरिव घरधुरीका उपभोक्ताहरुले उपयोग गर्ने मासिक १० यूनिट सम्मको खानेपानीको महशुल नगरपालिकाले तिरीदिनेछ ।
- फोहर संकलनको हालको दायरालाई विस्तार गरी नगरपालिकाको सवै मुख्य वजार तथा भित्री वस्तीहरुबाट समेत कार्यतालिका बनाई फोहर संकलन गरिनेछ ।
- सघीय सरकारको सहयोगमा नगरपालिका भित्र अत्याधुनिक फोहरमैला व्यवस्थापन केन्द्रको निर्माण प्रारम्भ गरिनेछ ।
- नगरपालिकाको मुख्य बजार क्षेत्रहरुमा सार्वजनिक शौचालय निर्माण गरिनुका साथै घुम्ती शौचालयहरु समेत राखिनेछ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण:

- टोल विकास समिति, उपभोक्ता समिति, विध्यालय व्यवस्थापन समिति जस्ता आधारभुत सामाजिक संरचनाहरुमा महिलाहरुलाई अनिवार्य संलग्नता गराई विकासमा महिला सहभागिता अभिवृद्धि गरिनेछ ।
- महिला, दलित तथा आर्थिक र सामाजिक रुपमा पछाडी परेका समुदाय लक्षित सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- नगरपालिका भित्र निर्माण हुने सार्वजनिक संरचनाहरुलाई क्रमश आपाङ्ग तथा वालमैत्री बनाउदै लगिनेछ ।
- महिला तथा आर्थिक, सामाजिक रुपले पछाडी परेका समुदायलाई सामुहिक सहभागिताको माध्ययमबाट रोजगारी तथा आय आर्जनका क्रियाकलापहरुमा सहभागि गराईनेछ ।

गौशाला नगरपालिका नगर कार्यपालिकाको कार्यालय गौशाला, महोत्तरी मधेश प्रदेश, नेपाल २०७४

- नगरपालिकालाई वालमैत्री स्थानीय शासन उन्मुख गराउदै केही वडाहरुलाई वालमैत्री वडा घोषणा गरिनेछ ।

## कृषि, सिंचाई, मत्स्य तथा पशुपन्छी विकास

- आ.ब. ०८३।८४ मा नगरपालिका क्षेत्रको विस्तृत भौगर्भिक अध्ययन गरी कूल सिंचित क्षेत्रको वास्तविक तथ्यांङ्क तयार गरिनेछ साथै भौगर्भिक अध्ययनका आधारमा सिंचाई गर्नुपर्ने क्षेत्रको विस्तृत प्रतिवेदन समेत तयार गरिनेछ ।
- संघिय सरकार र प्रदेश सरकारको सहयोगमा नगरपालिकाका वडाहरुमा ४" र ६" वोरिङहरु जडान गरिनेछ ।
- कृषि उपजको वजारीकरण सम्वन्धि विस्तृत अध्ययन सम्पन्न गरीनेछ । कृषि उपजको न्यूनतम समर्थन मूल्य निर्धारण गरी बजार सूनिश्चित गरिनेछ ।
- बालि विमा तथा पशु विमा कार्यक्रमको माध्यमबाट कृषकहरुको सम्भावित क्षति न्यूनिकरण गरिनेछ ।
- हाल निर्माण चरणमा रहेको शित भण्डारको निर्माण कार्य सम्पन्न गरी मेकानिकल पक्षको विस्तृत अध्ययन प्रतिवेदन तयार गरी आगामी आ.ब मा नै निर्माण कार्य प्रारम्भ गरिनेछ ।साथै निर्माणाधिन कृषि उपज केन्द्रको समेत निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याईनेछ ।
- माछापालन गर्न सकिने सार्वजनिक पोखरीहरुको मर्मत सम्भार गरी सञ्चालनमा ल्याईनेछ साथै निजी पोखरीहरुमा समेत मत्स्य पालन प्रोत्साहन गरीनेछ ।
- कृषि उत्पादन तथा पशु पालन तर्फ १-१ जना उत्कृष्ट कृषक घोषणा गरी पुरस्कृत गरिनेछ ।
- कृषि तथा पशुमा लाग्न सक्ने महामारी रोगको सम्वन्धमा पुर्व तयारी गरी क्षति न्यूनिकरण गरिनेछ ।
- कृषि उपज, माछा, मासु, अण्डा तथा दुग्ध पदार्थको आन्तरिक उत्पादन र खपतको विस्तृत विश्लेषण गरी उक्त क्षेत्रमा नगरपालिकालाई आत्मनिर्भर घोषणा गरिनेछ ।
- निगौल गाईगौशालामा रहेका गाईहरुको नियमित स्वास्थ्य परिक्षण गर्ने र गाईको लागि अत्यावश्यक पशु आहारको ब्यबस्थापन गरिनेछ ।

## लघु उद्यम, श्रम तथा रोजगार:

- वैदेशिक रोजगारबाट फर्केका श्रमिकलाई स्वदेशमै रोजगारीको सूनिश्चतता गर्न मागमा आधारित तालिम तथा सिप विकासका क्रियाकलाप सञचालन गरिनेछ ।

गौशाला नगरपालिका नगर कार्यपालिकाको कार्यालय गौशाला, महोत्तरी मधेश प्रदेश, नेपाल २०७४

- आगामी आ.व मा हाल सञ्चालनमा आएको श्रम संसार पोर्टलमा सुचिकृत व्यक्तिहरुलाई पहिलो प्राथमिकतामा राखि रोजगारीको अवसर प्रदान गर्न नगरपालिका भित्र स्थापना भएका उध्योग प्रतिष्ठानहरुसँग सहकार्य गरिनेछ ।
- वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकलाई सामाजिकरण गर्नका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ ।
- नगरपालिका भित्रका उध्यमी समुहहरुलाई प्रविधि तथा मेशीन उपकरण उपलब्ध गराई दिगो उत्पादन प्रक्रियामा संलग्न गराईनेछ ।
- श्रमिक, उत्पादक तथा रोजगारदाताका विचमा अन्तर्किया गराई पालिका भित्र तथा वाहिर समेत पर्याप्त रोजगारीका अवसरहरुमा पहुँच अभिबृध्दि गरिनेछ ।

## उद्योग तथा वाणिज्य:

- नगरपालिका क्षेत्रमा स्थापना हुने ठुला तथा मझ्यौला उध्योगहरुको लागि जग्गा प्राप्ती, व्यवसाय दर्ता, वातावरणीय अध्ययन प्रतिवेदनको तयारी लगायतका कार्यहरुका लागि एकद्वार पध्दती मार्फत सहजीकरण गरिनेछ ।
- गौशाला नगरपालिका वडा नं ८ मा निर्माणाधीन औद्योगिक ग्राम (INDUSTRIAL VILLAGE)को निर्माण सम्पन्न गर्न संघीय सरकारसंग समन्वय गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका उद्योग स्थापनाका लागि प्रोत्साहन गरिनेछ।
- कृषिमा आधारित उद्योग स्थापना र संचालनमा प्रोत्साहन गरिनुका साथै नगरभित्रका सहकारी संस्थाहरूलाई साना तथा मझौला उद्योग संचालनका लागि प्रोत्साहन गरिनेछ।
- सरकार तथा निजि क्षेत्रको साझेदारीमा कृषि उत्पादन तथा पशुपालनमा आधारित उद्योगहरुको स्थापना गर्न आबश्यक प्रक्रिया थालनी गरिनेछ |

## कर, राजस्व, सहकारी र वित्तीय क्षेत्रको विकास:

- संभाव्यताका आधारमा करका दर तथा आधारहरुको पुनरावलोकन गरिनेछ ।
- करको दायरा विस्तार गरी आगामी आ.व मा आन्तरिक राजस्व संकलनका थप क्षेत्रहरु पहिचान गरिनेछ ।
- सहकारी क्षेत्रको प्रबर्धन गरी जनताको आय र रोजगारीमा सुधार गरिनेछ ।
- नगरपालिका भित्र सञ्चालनमा रहेका सहकारीहरुको लगत तयार गरिनेछ ।

गौशाला नगरपालिका नगर कार्यपालिकाको कार्यालय गौशाला, महोत्तरी मधेश प्रदेश, नेपाल २०७४

- नियमित अनुगमनका माध्यमबाट समस्या उन्मुख सहकारी पहिचान गरी व्यवस्थापन सुधार गरिनेछ ।
- नगरपालिकाका मुख्य बजार क्षेत्रमा शाखा सञ्चालन गर्न वैक तथा वित्तीय संस्थाहरुलाई प्रोत्साहित गरिनेछ ।

## पुर्वाधार विकास:

- पक्की भवन नभएका सामुदायिक विध्यालयहरुमा आगामी आ.व. मा पक्की भवन निर्माण सम्पन्न गरी गौशाला नगरपालिकाका सम्पूर्ण विध्यालयहरुमा सुरक्षित भवनको सुनिश्चितता गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र संभाव्यता अध्ययनका आधारमा बालउध्यानहरु निर्माण गरिनेछ ।
- रुपनी खोला सिंचाई आयोजना वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी निर्माण कार्य प्रारम्भ गरिनेछ ।
- वृहत्तर कविर धार्मिक तथा पर्यटन पूर्वाधार विकास आयोजनाको विस्तृत परियोजना प्रतिवेदन, वातावरणिय अध्ययन प्रतिवेदन तयार गरी आगामी आ.व. मा निर्माण कार्य प्रारम्भ गरिनेछ ।
- संघीय सरकारको अनुदानबाट सम्भाव्यता अध्ययन तथा वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी नगरपालिका क्षेत्रमा मागका आधारमा २ वटा पक्की पूल र १ वटा झोलुङ्गे पूल निर्माण प्रारम्भ गरिनेछ ।
- नगरपालिकाका सवै वडाका मुख्य वजार क्षेत्र र सडकहरुमा स्मार्ट स्ट्रिट लाईट जडान गरिनेछ ।
- उपयुक्त जग्गा पहिचान गरी गौशाला नगरपालिकामा सुविधा सम्पन्न वसपार्क तथा टेम्पोपार्क निर्माण गर्नका लागि संभाव्यता अध्ययन गरिनेछ ।
- नगरपालिकाको स्वीकृत यातायात गुरुयोजना बमोजिम संघीय सरकार र प्रदेश सरकारसँगको सहकार्यमा नगरपालिकाका मुख्य मुख्य चोक जोडिने गरी सडक पूर्वाधारको निर्माण कार्य शुरुवात गरिनेछ ।

## भुमि, बन वातावरण तथा विपद व्यवस्थापन:

- भूमिहीन, साना तथा सिमान्तकृत वर्गका किसानलाई तथ्य र तथ्याङ्कमा आधारित भएर नियमित प्राविधिक सहयोग सहित दिगो जीविकोपार्जन अभिवृद्धि गरिनेछ।

गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७४

- भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासी र गाँउब्लक जग्गा भएका किसानहरूलाई जग्गाधनी पुर्जा वितरण गरी सुरक्षित आवास र जिविकाको सुनिश्चित गरिनेछ।
- बाँझो तथा खेर गएको जमिन, नदि उकास जग्गा उपयोग तथा करार खेती सम्बन्धी पालिकाको नीति तथा ऐन निर्माणमा सहयोग गरिनेछ।
- जिल्ला भुमि समस्या समाधान समितिसंग समन्वय गरी भुमिहिन दलित, भूमिहीन सुकुम्वासीलाई प्राथमिकता दिई व्यवस्थापनको कार्य गरिनेछ ।
- मानव-वन्यजन्तु द्वन्दका कारण हुने क्षतिलाई सम्वन्धित सरोकारवालाहरुको समन्वयमा न्यूनिकरण गरिनेछ ।
- विकासका क्रियाकलापहरु सञ्चालन गर्दा वातावरणीय क्षतीलाई न्यूनिकरण गर्ने उपायहरु अवलम्वन गरिनेछ ।
- वर्षेनी गर्मीयाममा डँढेलोको कारण हुने क्षति न्यूनिकरण गर्न पूर्व तयारी तथा सचेतना कार्यक्रमहरु समुदायस्तरमा सञ्चालन गरिनेछ ।
- विपद जोखिम विश्लेषण गरी बाढीको जोखिम भएको क्षेत्रमा आवश्यक तटबन्ध निर्माण गरिनेछ।
- जोखिमयुक्त स्थानका वस्ती सुरक्षित स्थानान्तरणका लागी संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा आवश्यक कार्ययोजना तयार गरिनेछ ।

**सूचना तथा सञ्चार:**

- सवै वडा कार्यालयहरुको सेवा प्रवाह स्थानलाई नगरपालिकाबाट अवलोकन गर्न मिल्ने गरी सिसिटिभी नेटवर्क जडान गरिनेछ।
- नगरपालिकाको कार्यहरुलाई एकिकृत सरकारी कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) मार्फत सञ्चालन गर्न कर्मचारीहरुलाई तालिम प्रदान गरिनेछ ।
- सुरक्षित वित्तीय कारोवारलाई प्रोत्साहित गर्न डिजिटल साक्षरता सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सेवा प्रवाहलाई प्रविधि मैत्री बनाई नगरपालिका तथा वडाका कार्यहरुलाई स्वचालित प्रणाली मार्फत सञ्चालन गर्न आवश्यक तयारी गरिनेछ ।
- सेवा प्रवाहमा AI को प्रयोग पालिकाको सेवा प्रवाहमा AI Chat board प्रणालीको विकास गरि लेखनको माध्यम वा आवाजको माध्यमबाट सेवाका किसिमहरुलाई सरलीकृत रुपमा प्रणालीको विकास गर्ने र नागरिकलाई सूचना प्रविधिको प्रयोगमा व्यपकता ल्याउने ।

- पालिकाको सूचना तथा अभिलेख व्यवस्थापनका लागि पालिकाको आफ्नै सूचना तथा अभिलेख केन्द्र स्थापना गरी दस्तावेजहरु व्यवस्थित र सुरक्षित राख्ने र एकिकृत तथ्याङ्क संकलनमा जोड दिने र तथ्याङ्क संकलनमा एकरुपता ल्याउने निति लिईनेछ ।
- पालिकाका सबै वडाहरुलाई इन्ट्रानेटको माध्यमबाट जोडि आफ्नै सर्भरमा तथ्याङ्क व्यवस्थापन गरिनेछ ।
- डिजिटल पालिका तथा स्मार्ट पालिकाको अवधारणा तथा खाका तयार गरि स्थानीय सरकारी सेवालाई नागरिकको पहुँच योग्य बनाउने पहल कदमी निति निर्माण गरिनेछ ।
- पालिकाका सेवा र सूचनाहरु अनलाइन मार्फत प्रशारण गर्ने र वडा कार्यालयबाट उपलब्ध हुने सेवा सुविधाहरुलाई विद्युतीय प्रणालीबाट उपलब्ध गराउने व्यवस्थालाई अझ प्रभावकारी बनाईने छ ।
- सेवा प्रवाहमा टोकन प्रणाली, सार्वजनिक सुनुवाई, जनतासँग जनप्रतिनिधिको प्रत्यक्ष संवाद रेडियो कार्यक्रम, डिजिटल नागरिक वडापत्र, डिजिटल नोटिस बोर्ड र सामाजिक सञ्जाल लगायत विविध प्रविधिसँग जोडिने छ र अझै व्यवस्थित बनाउँदै लगिनेछ ।
- जनप्रतिनिधि र कर्मचारीलाई सूचना प्रविधिमैत्री वनाउन तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गरिने ।
- विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला, गणितलगायतका विषयमा विद्यालस्तरदेखि नै अनुसन्धान र नवप्रवर्तनको सोच र क्रियाशिलताको विकास गर्ने गरी कोषको स्थापना गर्ने र पालिका भित्रका बालबालिका तथा युवाहरुको नविनतम सोचको मुल्याङ्कन गरी नवप्रवर्धनमा लगाउने ।

गौशाला नगरपालिका नगर कार्यपालिकाको कार्यालय गौशाला, महोत्तरी मधेश प्रदेश, नेपाल २०७४

**नगरसभा सदस्यज्यूहरु,**

प्रस्तावित नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक क्षमता विकास, संस्थागत, नीतिगत, कार्यविधिगत सुधारका कार्यहरु गर्न सकिएमा कार्यक्रमको कार्यान्वयनको सुनिश्चितता, पारदर्शिता र उत्तरदायित्वको थप प्रवर्द्धन हुने विश्वास लिएको छु । प्रस्तुत नीति, कार्यक्रम तथा बजेटबाट नगरवासीका आधारभूत आवश्यकताहरु परिपूर्ति गरी जीवनस्तरमा गुणात्मक सुधार हुँदै जाने, नगरमा उपलब्ध स्रोत साधनको उच्चतम उपयोगबाट नगरवासीको आर्थिक उन्नतिमा टेवा पुग्ने र वञ्चितिमा परेका वर्ग क्षेत्र तथा समूहहरुको विकासमा मूलप्रवाहीकरण भई समावेशिताको प्रवर्द्धनमार्फत स्थानीय लोकतन्त्र सबलीकरण हुने विश्वास लिएको छु ।

आगामी आर्थिक वर्षको प्रस्तुत नीति,कार्यक्रम तथा बजेट तर्जुमा गर्न मार्ग निर्देशन गर्नुहुने वडा अध्यक्षज्यूहरु, विभिन्न समितिका संयोजकज्यूहरु, नगर सभा सदस्यज्यूहरु,नीजि तथा विकास साझेदार सस्थाका महानुभावहरु, राष्ट्रसेवक कर्मचारीहरु, वुद्धिजिवी एवम् सञ्चारकर्मी, नगरको समग्र विकासमा सहयोग पुर्याउनु हुने नगरवासीहरु सबैमाहार्दिक धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा, नगरको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउने आम नागरिक, करदाता, नगरको हित र समुन्नतिमा सक्रिय रहनुहुने सबैबाट यस नीति कार्यक्रम तथा बजेटको सफल एवम् प्रभावकारी कार्यान्वयनका लागि सदा झैं निरन्तर सहयोगको अपेक्षा गर्दै सम्बद्ध सबै पक्षप्रति हार्दिक आभार गर्दछु। वर्तमान वस्तुगत यथार्थ र धरातलमा उभिएर आफ्नो नगरपालिकाको नीति तथा कार्यक्रमलाई आधार मानी समग्र चुनौतीहरुको सामना गर्न कटिबद्ध, प्रतिबद्ध र एकताबद्ध हुँदै गौशाला नगरवासीहरुको उज्ज्वल भविष्य निर्माणको लागि कामना गर्दछु ।

**धन्यवाद !**

गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७४

*सभा अध्यक्षज्यू,*

*नगरसभाका सदस्यज्यूहरु,*

*पत्रकारज्यूहरु, गौशाला नगरवासी तथा*

*उपस्थित सम्पूर्ण कर्मचारीहरु ।*

गौशाला नगरपालिकाको आ. व. २०८३/ ०८४ को अनुमानित बजेट यस गरिमामय सोह्रौं नगरसभा समक्ष पेश गर्न पाउँदा मलाई खुशी लागेको छ। प्रस्तुत बजेट तर्जुमा गर्न मार्ग निर्देशन गर्नु हुने नगरबासी लगायत सम्पूर्ण वडा अध्यक्षज्यूहरु, नगर कार्यपालिका सदस्यज्यूहरु, विभिन्न समितिका संयोजकज्यूहरु, नगर सभाका सदस्यज्यूहरु,नीजि तथा विकास साझेदार सस्थाका महानुभावहरु, राष्ट्र सेवक कर्मचारी, बुद्धिजीवी रनगरको समुन्नत विकासमा टेवा पुर्याउनु हुने नगरवासीहरु सबै प्रति हार्दिक आभार प्रकट गर्दछु ।

**आर्थिक बर्ष २०८३/ ०८४ को लागि निम्न बमोजिमको आय र ब्यय अनुमान गरेको छु:-**

संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान रु १६,०९,००,०००।-, संघीय राजस्व बाडँफाडँ तर्फ रु १४,४१,७४,०००।-, संघीय सर्शत तर्फ रु ३०,३९,००,०००।-, संघीय बिशेष अनुदान रु २,८२,००,०००।- र समपूरक अनुदान रु १,२२,००,०००।-, प्रदेश सरकारको अनुदान तर्फ वित्तीय समानिकरण अनुदान रु १,११,१२,०००।-, बिशेष, समपूरक र ससर्त अनुदान रु १,१०,००,०००।-, प्रदेश सरकार राजस्व बाँडफाँड तर्फ रु १,०५,३८,०००।-, स्थानीय राजस्व बाँडफाँड तर्फ रु ५,००,००,०००।-, आन्तरिक आय तर्फ रु ५,७८,१५,०००।- र बैङ्क अल्या रकम रु २१,०६,६२,०००।-, गरी कुल रकम रु १,००,०५,०१,०००।-, को आय व्यय प्रक्षेपण गरिएको छ।

अन्त्यमा, नगरको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउनुहुने आम नागरिक, करदाता, नगरको हित र समृद्धिका लागि योगदान पुर्याउनु हुने सबै विकास साझेदार, सरकारी, गैर सरकारी सामुदायिक संघ-संस्थाहरु प्रति हार्दिक आभार प्रकट गर्दै यस बजेटको सफल कार्यान्वयमा खुल्ला हृदयबाट सबैको सहयोगको अपेक्षा राखेको छु ।

**धन्यवाद !**

गौशाला नगरपालिका नगर कार्यपालिकाको कार्यालय गौशाला, महोत्तरी मधेश प्रदेश, नेपाल २०७४

## गौशाला नगरपालिकाको आ.ब. २०८३/ ०८४ को आय तथा व्ययको प्रक्षेपण

| क्र.सं. | प्राप्तिको विधि | श्रोत/ समुह | रकम रु. |
|---|---|---|---|
| १ | संघीय सरकार अनुदान | ससर्त | ३०३९००००० |
| | | समानिकरण | १६०९००००० |
| | | विशेष | २८२०००००० |
| | | समपुरक | १२२०००००० |
| **कुल संघीय सरकार अनुदान** | | | **५०५२००००००** |
| २ | प्रदेश सरकार अनुदान | ससर्त | ६०००००० |
| | | समानिकरण | ११११२००० |
| | | विशेष | २०००००० |
| | | समपुरक | ३०००००० |
| **कुल प्रदेश सरकार अनुदान** | | | **२२११२०००** |
| ३ | बाँडफाँडबाट प्राप्त राजस्व | संघीय सरकार | १४४१७४००० |
| | | प्रदेश सरकार | १०५३८००० |
| | | स्थानीय सरकार | ५०००००० |
| **कुल बाँडफाँडबाट प्राप्त राजस्व** | | | **२०४७१२०००** |
| ४ | आन्तरिक श्रोत | आन्तरिक श्रोत | ५७८१५००० |
| | | बैंक अल्या | २१०६६२००० |
| **कुल आन्तरिक श्रोत** | | | **२६८४७७०००** |
| **आ.ब. २०८३/ ०८४ को जम्मा आय तथा व्यय** | | | **१०००५०१०००** |

गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७४